# हिमाली गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
## धुलाचौर, बाजुरा
## सुदूरपश्चिम प्रदेश, नेपाल

### प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम हुने बारे सूचना

**(प्रथम पटक प्रकाशित मिति:२०८२/०९/०५)**

सुदूरपश्चिम प्रदेश, बाजुरा जिल्लाको हिमाली गाउँपालिका वार्ड नं. ४, ५, ६ र ७ भएर बग्ने कर्णाली नदिको विभिन्न बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्री ढंगले ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन योजना, हिमाली गाउँपालिका, गाँउ कार्यपालिकाको कार्यालय द्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

**<u>प्रस्ताव र प्रस्तावकको बारेमा जानकारी:</u>**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना: | प्रस्तावकः हिमाली गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय<br>ठेगाना: धुलाचौर, बाजुरा, सुदुरपश्चिम प्रदेश, नेपाल<br>ई मेल: info.himaliruralmun@gmail.com |
| प्रस्तावको व्यहोरा | कर्णाली नदिको विभिन्न बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्री ढंगले ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा./न.पा./वार्ड | बाजुरा जिल्ला, हिमाली गाउँपालिका वार्ड नं. ४, ५, ६ र ७ |

वातावरपा संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७ तथा सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश,२०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने प्रावधान अनुरुप सुदूरपश्चिम प्रदेश, बाजुरा जिल्लाको हिमाली गाउँपालिका वार्ड नं. ४, ५, ६ र ७ भएर बग्ने कर्णाली नदिको विभिन्न बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्री ढंगले ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, साँस्कृतिक र आर्थिक प्रणालीमा कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न तथा वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धि जानकारी गराउने लक्ष्यका साथ् तपसिल बमोजिमको मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई हुने भएकाले त्यस क्षेत्रका सम्बन्धित वडा, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्था तथा स्थानिय बासिन्दाहरुलाई सार्वनजिक सुनुवाई कार्यक्रममा सहभागी भई अमुल्य रायसुझाव तथा प्रतिक्रिया दिनका लागि हार्दिक अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान:**

| **स्थान** | **मिति** | **समय** |
|---|---|---|
| गाँउ कार्यपालिकाको कार्यालय, धुलाचौर, बाजुरा | २०८२/०९/१३ | बिहान १० बजे |